मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

२६ Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

माओवादीहरुले गौरीशंकर खड्काबाट के सिक्न सक्छन् ?: पृष्ठ ३मा

◆ वर्ष : २६ ◆ अङ्क : २५८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ साउन ३२ गते सोमवार (Monday, August 16. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

एकल महिलाको सङ्घर्ष | **बालकैमा एकल (विधुवा) भएपछि घरको हेला र यातनाले गर्दा सप्तरीको हनुमाननगर कांलिनी नगरपालिका-१ भारदहस्थित माइतीको शरणमा बसेर पुनः पढाइ र घरमै सिलाई-कटाइको पेशा शुरु गरेकी २० वर्षीया सपना शर्मा । तस्वीर : रासस**

कुखुराको सुलीबाट बिजुली !

झापा, साउन ३१। कुखुराको सुलीबाट ६२ केभिएको जेनेरेटर चलिरहेको छ भन्ने सुन्दा अचम्म लाग्न सक्छ ।

पूर्वीचितवनका व्यवसायी अर्जुन अर्यालले आफ्नै फर्ममा सङ्कलन भएको कुखुराको सुलीबाट बिजुली उत्पादन गरी नयाँ कामको समेत शुरुवात गरेका छन् । उत्पादित बिजुली कुखुराका खोरमा प्रयोग गरिएको छ । उनका अनुसार सुलीबाट मासिक रु. एक लाख हाराहारीको विद्युत् उत्पादन भइरहेको छ ।

खैरहनी नगरपालिका-१ ज्यामिरेमा रहेको अन्नपूर्ण पोल्ट्री बिडर्स फार्म प्रालिमा जडित बायोग्यास प्लान्टबाट विद्युत् उत्पादन हुँदै आएको हो । फार्मले ६२ केभिएको जेनेरेटर ग्यासबाटै सञ्चालनमा ल्याएको छ । यससँगै तीन फार्मलाई आवश्यक पर्ने विद्युत् यहीबाट उत्पादन भएको छ । फार्मका सञ्चालक अर्यालका अनुसार शुरुमा रु. १२ लाख खर्च गरेर ग्यास उत्पादन थालिएको हो । यसको प्रभावकारिता राम्रो देखिएपछि रु. एक करोड ६५ लाख खर्च गरेर अत्याधुनिक सिएसटिआर प्रविधि अन्तर्गत ५०० घनमिटरको आधुनिक डोमबाट ग्यास उत्पादन हुँदै आएको छ । यसका लागि विश्व बैंकले ऊर्जा विकास कम्पनीमार्फत रु. ५२ लाख अनुदान समेत दिएको उनको भनाइ छ ।

सुलीबाट ग्यास उत्पादन हुने, गन्ध हराउने र मल थप प्रभावकारी हुने भएपछि उनी यसप्रति आकर्षित भएका हुन् । यससँगै इन्धन बचाउने काममा ग्यास प्रभावकारी भएको छ । निकट भविष्यमा दुई हजार घनमिटरको डोमबाट बायोग्यास उत्पादन गर्ने तयारी उनको छ ।

उनका अनुसार बैंकले प्रस्ताव स्वीकृत गरेको छ । यो परियोजना सम्पन्न हुँदै गर्दा दुई लाख १५ हजार कुखुरालाई आवश्यक पर्ने सम्पूर्ण इन्धन ग्यासबाट पूरा हुनेछ । यसका लागि करिब रु. १२ करोड खर्च हुनेछ । सोमध्ये रु. चार करोड विश्व बैंकले अनुदान दिने उनको भनाइ छ । यसबाट २५० केभिएको जेनेटर चल्नेछ । यसले अत्याधुनिक वातानुकूलित खोरमा आवश्यक विद्युत् पूरा गर्ने उनले बताए ।

अहिले खोरमा एक लाख कुखुरा छन् । केही महिनाभित्रमा दुई लाख १५ हजार पुऱ्याउनका लागि आधुनिक खोर बनिरहेका छन् । नेपालमा उच्चस्तरको केज प्रविधि भित्र्याउने अर्याल सरकारी जागिर छाडेर यो पेशामा लागेका हुन् । वि.सं. २००८ असार ११ गते काठमाडौंको ज्याठामा जन्मिएका उनले अर्थशास्त्रमा स्नातकोत्तर गरेका छन् । बुबा अदालतमा जागिर गर्ने

(बाँकी अन्तिम पृष्ठमा)

पिन्डलबारीको पीडा

पुल नबन्दा जोखिमपूर्ण यात्रा

पार्थ मण्डल

झापा, साउन ३१। भारतीय सीमावर्ती नाकासँग जोडिएको दक्षिणी झापाको साबिक घेरावारी गाविस-५ हाल कचनकवल गाउँपालिका-१ स्थित पिन्डलबारीका स्थानीयवासीले हरेक बर्खायाममा सास्ती झेल्नु परेको छ ।

दशकौं बित्दा समेत कुनै पनि सरकारको पालामा पिन्डलबारीबासीको पीडादायी समस्या सम्बोधन हुन नसकेको उनीहरूको एउटै स्वर छ । झापा जिल्लाकै विकट गाउँ भनेर परिचित पिन्डलबारीलाई पश्चिम र दक्षिणतर्फ भारतीय सीमाना र पूर्वपट्टि बिरीङ्ग खोलाले घेरेको छ ।

डुबानको समेत उच्च जोखिममा रहेका गाउँवासी बर्खाको बेला सामान्य औषधि उपचार, सरकारी सेवा वा अन्य काम विशेषले गाउँबाट बाहिर जानु पऱ्यो भने बिरीङ्ग खोलाबाट जोखिमपूर्ण यात्रा गर्नुपर्ने हुन्छ । 'न गाउँमा सुविधा सम्पन्न कुनै बाटोघाटो छ, न त पक्की पुल नै छ'- स्थानीय भाद्रुलाल राजवंशीले भने- 'गाउँवासी बर्खा याममा कष्टपूर्ण जीवन बिताउन बाध्य छन् ।'

निर्वाचनको बेला मात्र नेताहरु भोट माग्न पिन्डलबारी जाने गरेका छन् । बर्खा याम शुरु भएपछि कोही नेताहरु उनीहरूको समस्या बुझ्न गाउँ पुग्दैनन् । 'बर्खा याम शुरु भएपछि तीन महिना गाउँवासीलाई धेरै समस्या भोग्नु पर्ने हुन्छ'- राजवंशीले भने- 'कतै जानु पऱ्यो भने भारतीय बाटो भएर वा खोला तर्न स्थानीयले प्लाष्टिकको ठूलो ड्रम र बाँसले बनाएको डुङ्गा चढेर जानुपर्ने हुन्छ ।'

अहिले कोरोना कारण सीमा नाकामा पनि भारतीय एसएसबीले कडाइ गर्दा गाउँवासीले थप समस्या भोग्नु परेको बताउँदै उनले भने- 'एसएसबीले भारत प्रवेश गर्न नदिँदा र खोलामा पानीको बहाव

बढेपछि गाउँवासी घरै थुनिनुपर्ने हुन्छ, त्यही बेला गाउँमा कोही बिरामी परे अकालै मर्नुपर्छ ।' 'चुनावको बेला नेताहरु गाउँ पसेर यस्तो गरिदिने, त्यस्तो गरिदिने आश्वासन दिन्छन्, चुनाव सकिएपछि सकिन्छ'- उनले गुनासो गरे ।

सडक तथा पुलको विकल्प नहुँदा बर्खामा जोखिम मोलेर अस्थायी डुङ्गा सञ्चालन गर्नुपर्ने बाध्यता रहेको डुङ्गा सञ्चालन गर्दै आएका मोहन मण्डलले बताए । १२ वटा ड्रमको अस्थायी डुङ्गा बनाएर दुःख सुख जसरी भए पनि गाउँवासीलाई तारिरहेको बताउँदै मण्डलले भने- 'सबैभन्दा विकट ठाउँ भनेकै पिन्डलबारी हो, झोलुङ्गे पुल बनाउने कुरा पनि पटक-पटक उठ्यो, तर अहिलेसम्म कुनै सुरसार छैन ।' आदिवासी समुदायका बाहुल्य रहेको पिन्डलबारीमा १४७ घरधुरी रहेका छन् ।

बाह्रदशी गाउँपालिकासँग सीमा जोडिएको पिन्डलबारी गाउँसहित दक्षिणी भूभागका गाउँहरूमा बर्खा याममा खोलाले जमिन कटानसँगै डुबान गर्दा स्थानीयले सास्ती झेल्नु परेको बाह्रदशी गाउँपालिका १ का वडाध्यक्ष शम्भुसिंह राजवंशीले बताए । मानिस बिरामी हुँदा सामान्य सिटामोल किन्न समेत जोखिम र सास्ती खेपेर जानुपरेको उनको भनाइ छ ।

यता कचनकवल १ नम्बर वडाध्यक्ष लक्ष्मीनारायण यादवले पिन्डलबारीबासीको बर्खायामको समस्या समाधान हुन नसकेको स्वीकार गरेका छन् ।

पूर्व सांसद तथा नेपाली कांग्रेसका नेता कृष्णप्रसाद सिटौलाले पिन्डलबारी जाने बिरीङ्ग खोलामा २०७२ सालमा झोलुङ्गे पुलको शिलान्यास गरेका थिए । उनको पालामा त्यो झोलुङ्गे पुल बनेन । त्यसपछि राप्रपाका नेता राजेन्द्रप्रसाद लिङ्गदेनले यस क्षेत्रबाट प्रतिनिधिसभा सदस्यको चुनाव जितेपछि फेरि झोलुङ्गे

(बाँकी अन्तिम पृष्ठमा)

प्रकाशलाई बचाउन सहयोग जुट्दै

बिनोद पाण्डे

चारपाने, साउन ३१। हँसिलो, फरासिलो, स्वाभिमानी अनि मेहनतीका कारण दुई बर्ष अघिसम्म गाउँमा धेरैले चिनेको झापा बिर्तामोड-२, चारपानेका ३२ बर्षीय युवा प्रकाश शर्मा धेरैको स्मरणबाट हट्दै गएका छन् ।

अझ सजिलो शब्दमा भन्नु पर्दा प्रकाशलाई समुदायले बिर्सदै जाने अबस्था आएको हो । यसो हुनुमा उनी भित्रको रोग मुख्य कारण हो । दुई बर्षदेखि उनी समुदायमा पुगेका छैनन् । कोहीसँग काम विशेष वा अन्य कारणले भेटघाट, बोलचाल भएको छैन ।

उनी चाहन्थँ आफ्नो परिवारको जिम्मेवारी पूरा गर्दै समाजको लागि पनि केही गरौं । धेरैभन्दा धेरैसँग परिचय गरौं, आत्मीयता बाँडौं, धनको धनी नभए पनि मन र कर्मको धनी प्रकाश यतिवेला अँध्यारो कोठामा सजिलोसँग सुत्न पनि नसकी थलिएका छन् । उनी वृहत् समाजको सम्पर्कभन्दा टाढा हुन पुगेका छन् । प्रकाशको स्वास्थ्य र आर्थिक अवस्थाको बारेमा एक हप्ता अघि पूर्वाञ्चल दैनिकले समाचार बाहिर ल्याएको थियो । उक्त समाचार झापाका धेरै सञ्चार माध्यमबाट पनि सम्प्रेषण भएपछि समुदायका अली टाढाका मानिसहरु समक्ष सम्पर्क, व्यवहारिक सम्बन्ध विच्छेद भए पनि प्रकाशको सबल पक्षका कारण प्रभावित स्थानीय समाजसेवी, संघ-संस्थाका प्रतिनिधिहरुले प्रकाशलाई सम्झिएका छन् । प्रकाशको उपचारको लागि सहयोग गर्दै थप सहयोगका लागि पहलकदमी अघि बढाएका छन् । प्रकाश बचाउ अभियान नै सञ्चालन गरेका छन् उनीहरुले ।

सञ्चारमाध्यम र अभियानले प्रवाह गरेको सूचनाको सकारात्मक प्रभावका कारण मानव सेवा नै धर्म हो, धर्म मात्र होइन मानवले मानवलाई सहयोग नगरे सामाजिक प्राणी भएको औचित्य पनि हुँदैन भनेर सहयोगको भावनाले, प्रकाशको जीवन बचाउन स्थानीय, देश र विदेशबाट धेरैजनाले सकेको आर्थिक सहयोग गर्ने काम शुरु भएको छ । जसअनुसार शनिबारसम्ममा तीन लाख रुपैयाँ संकलन भइसकेको समितिका कोषाध्यक्ष शिखा खड्काले बताइन् । खड्काका अनुसार सहयोग जुट्ने क्रम जारी रहेको छ । प्रकाशको उपचारको लागि १२देखि १५ लार्ख खर्च लाग्ने अनुमान गरिएको प्रकाश बचाउ अभियानका संयोजक डिल्लीराम सिटौलाले बताए ।

यहाँ रोगका कारण पलपल पीडा भोग्दै बाँचिरहेका छन् प्रकाश । रोगले च्याप्नुभन्दा अगाडि सिकर्मी काम गरेर गुजारा चलाउँदै आएका थिए उनी । १० बर्ष अघिदेखि वाथ रोगबाट उत्पन्न समस्यालाई अल्पकालीन समाधान दुखाई कम हुने औषधि खाँदै जेनतेन काम गर्दै आएका प्रकाश दुई बर्षदेखि भने थलिएका थिए ।

प्रकाशको दुबै घुँडाको पाङ्ग्रा र दुईवटै तिघ्राको मुख्य हड्डी मक्किएका कारण उनको स्वास्थ्य अवस्था जटिल बनेको हो । चिकित्सकको सल्लाह अनुसार कृत्रिम हड्डी (स्टिल) लगाएर उनको उपचार गर्न सकिने र उक्त उपचार सफल भएमा पुनः सामान्य जीवनयापन गर्न सक्ने र ९० प्रतिशत अप्रेशन सफल हुने गरेको जानकारी प्राप्त भएको समितिले जनाएको छ । ९० प्रतिशत निको हुने अवस्थाको रोगको उपचार गर्न समुदाय किन नलाग्ने भन्दै प्रकाशकै घरमा पुगेर सहयोग गर्नेहरुको उपस्थिति बाक्लिन थालेको छ ।

प्रकाशको उचारका लागि दैनिक रुपमा देश विदेशबाट सहयोग जुट्ने काम भइरहेको छ । पहिले पनि प्रकाशको घरको आर्थिक अवस्था अत्यन्तै कमजोर थियो । उनी काम गर्न सक्न छोडेपछि झन कमजोर बनेको छ । हिजोका दिनमा उपचार गर्दा भएको पाँच धुर जग्गा पनि बैंकमा धितो राखेका कारण सो जग्गा

(बाँकी अन्तिम पृष्ठमा)

२८ लाखमा यार्सागुम्बा किन्छौं भन्दै होटलमा बोलाएपछि...

काठमाडौं, साउन ३१। काठमाडौंमा सात दिनअघि भएको यार्सागुम्बा लुटपाटमा संलग्न गिरोहलाई प्रहरीले पक्राउ गरेको छ।

उपत्यका अपराध अनुसन्धान कार्यालय, बानेश्वरको टोलीले मुख्य अभियुक्त बझाङका धर्म ओखेडासहित सात जना लुटेराको समूहलाई पक्राउ गरेको प्रहरी उपरीक्षक कृष्ण कोइरालाले जानकारी दिए।

उनका अनुसार खरिद गर्ने वहानामा दीपक लामा र सुरेश सापकोटासँग रहेको एक किलो यार्सागुम्बा उनीहरुले लुटेको भन्दै किटानी जाहेरी परेको थियो। जाहेरीमाथि अनुसन्धानका क्रममा पक्राउ परेकाको साथबाट सात किलो चार सय ४० ग्राम अवैध यार्सागुम्बा बरामद भएको कोइरालाले बताए।

पक्राउ पर्नेहरुमा मुख्य योजनाकार बझाङका धर्म ओखेडा, म्यानपावर व्यवस्थापन दोलखाका मनोजकुमार श्रेष्ठ, रामेछापका दीपक थापामगर, काभ्रेका विशाल, काभ्रेकै योङ्देन लामा, रामेछापका रोशन श्रेष्ठ र भारत कास्मिर आबुपाकरका मोहम्मद इसाक रहेका छन्। उनीहरुका साथबाट एक लाख ५३ हजार नगद र ८ वटा मोबाइल समेत बरामद गरिएको प्रहरी उपरीक्षक कोइरालाले जानकारी दिए।

जरिवाना रकमको ४०% प्रहरीलाई

दमक, साउन ३१। नदीजन्य सामग्रीको अवैध ओसारपसार रोक्नका लागि झापाको एउटा स्थानीय तहले प्रहरीलाई जरिवानाबाट आएको रकमको ४० प्रतिशत प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय गरेको छ।

अर्जुनधारा नगरपालिकाको बोर्ड बैठकले यस्तो निर्णय गरेको हो। नदीजन्य सामग्रीको उत्खनन् र ओसारपसारमा यहाँ सँधै विवाद हुँदै आएको छ। प्रहरीले नदीजन्य सामग्री ओसारपसार गर्ने सवारी साधनलाई प्रभावमा परेर नियन्त्रणमा लिन नसक्ने अवस्था नआओस् भनेर र रातविहान नभनी काम गर्नुपर्ने भएकाले यो प्रोत्साहन उपलब्ध गराउने निर्णय गरिएको नगरपालिका श्रोतको भनाइ छ।

निषेधित अवस्थामा अवैध रुपमा नदीहरुबाट नदीजन्य सामग्री उत्खनन् तथा अवैध ओसारपसार गर्ने सवारी साधन नियन्त्रण गर्ने प्रहरीलाई नियन्त्रित सवारी साधनको जरिवाना रकमको ४० प्रतिशत प्रोत्साहन स्वरुप उपलब्ध गराउने निर्णय नगरपालिकाको बोर्ड बैठकले गरेको एक वडाध्यक्षले बताएका छन्।

गत आर्थिक वर्ष २०७७/०७८मा यस अर्जुनधारा नगरपालिकाबाट नदीजन्य सामग्री

उत्खनन् तथा विक्री वितरणका लागि ठेक्का लागे पनि सर्वोच्चले ओसारपसारका लागि रोक लगाएको थियो। सर्वोच्च अदालतको आदेशानुसार ठेक्का सम्झौता बमोजिम नदीजन्य सामग्री उत्खनन् तथा विक्री वितरण स्थगन भई सम्बन्धित ठेकेदारबाट ठेक्का बापत बुझाएको रकम फिर्ताको माग गरेको थियो।

चालू आर्थिक वर्ष २०७८/०७९मा यस नगरपालिका भएर वहने नदीहरुबाट उत्खनन् तथा विक्री वितरण हुनसक्ने नदीजन्य सामग्रीको अध्ययनका लागि यस नगरपालिकाका नदीहरुको प्रारम्भिक वातावरणीय परीक्षण (आइईई) गर्ने पनि यही बैठकले निर्णय गरेको एक कार्यपालिका सदस्यले बताएका छन्।

माइत हिँडेकी श्रीमती वेपत्ता

रत्नबहादुर बस्नेत

बिर्तामोड, साउन ३१। झापाको बिर्तामोड माइत जान भन्दै घरबाट हिँडेकी एक महिला बेपत्ता भएकी छन्।

बिर्तामोड नगरपालिका-९ कोलाटोली घर भएका रमेश कार्कीकी श्रीमती ४४वर्षीय सरस्वता कार्की साउन २२गते माइत जाने भन्दै घरबाट हिँडेपछि बेपत्ता भएकी हुन्।

गत साउन २२ गते बिहान १० बजेतिर मोरङ जिल्ला गछिया लोचना माइतीघर जान हिँडेकी श्रीमतीले माइतीघर आइपुगें भनेर फोन गरेको भए पनि २७ गते आफूले फोन गर्दा सम्पर्कबिहीन भएको पति रमेशले बताए। 'आफू केही दिन माइतमा बस्ने धेरै फोन नगर्नु भनेकाले गन्तव्यमा पुगेको भनेर ढुक्कले बसें तर साउन २७ गते उसको मोबाइलमा फोन लागेन र माइतीघर नपुगेको भन्ने खबर आयो'- रमेशले भने- 'यसपछि अन्यत्र आफन्त कहाँ सबैतिर खोजी गरियो तर कतै नभएको खबर पाएपछि पत्नी बेपत्ता भएको निश्चित भयो।' दुई छोरा र एक छोरी रहेका कार्कीको परिवारमा यतिखेर उनीहरु दुईजना पतिपत्नी मात्र बस्दै आएका थिए। खेतीपाती सकेर फुर्सदमा केही दिनका लागि पठाएको थिएँ। के विपत्ति आइलाग्यो- रमेशले भक्कानिँदै भने।

घर छाडेर कतै नहिँडेकी सरल स्वभावकी आफ्नी श्रीमतीलाई कसैले अपहरण गरेको वा बन्धकमा पारेको हुनसक्ने भन्दै इलाका प्रहरी कार्यालय बिर्तामोडमा हुलियासहित खोजीका लागि निवेदन दिइसकेको उनले बताए। त्यस्तै उनले सम्पूर्ण सञ्चारकर्मी, मानवअधिकारकर्मी, महिला अधिकारकर्मीलगायत सबैलाई खोजीमा सहयोग गरिदिन आव्हान गरेका छन्।

बाबा खैनीको तस्करी

झापा, साउन ३१। नेपालमा प्रतिबन्धित भारतीय सुर्ती (बाबा खैनी) तस्करीको माध्यमबाट नेपाल भित्रिरहेको छ।

यसैक्रममा सशस्त्र प्रहरी बल नेपाल बोर्डर आउट पोस्ट भद्रपुरले ८० हजार मूल्य बराबरको भारतीय सुर्ती (बाबा खैनी) बरामद गरेको छ। बीओपी भद्रपुरका सशस्त्र प्रहरी निरीक्षक बिभुराज दाहालको नेतृत्वमा खटिएको टोलीले आइतबार बिहान ३ बजे भद्रपुर-४स्थित महेशपुर चौकी नजिकैबाट बाबा खैनी बरामद गरेको हो।

१०३ नम्बर सीमा पिलर नजिकैबाट तस्करको माध्यमबाट सुर्ती भित्रिरहेको विशेष सूचनाको आधारमा सशस्त्र प्रहरीले आठ बोरा बाबा खैनी बरामद गरेको सशस्त्र प्रहरी बल नेपाल नम्बर २ गण झापाका डीएसपी प्रेमबहादुर भण्डारीले जानकारी दिए। बरामद खैनी भद्रपुरकै कारोबारीले भित्र्याएको बताइएको छ।

नेपाली बजारमा बाबा खैनीको माग बढ्दो रहेकोले कारोबारीले तस्करीको माध्यमबाट खैनी भित्र्याइरहेका छन्। बरामद गरिएको खैनीलाई भद्रपुर भन्सार कार्यालय बुझाइसकेको जनाइएको छ। सशस्त्र प्रहरीले केही दिनअघि मात्र भद्रपुरमा दुईपटक गरी करिब १० लाखको लत्ताकपडा बरामद गरेको थियो। सशस्त्र प्रहरीले पटक-पटक भन्सार छलेका सरसामान बरामद गरे पनि भद्रपुरमा तस्करी गतिविधि अझै रोकिएको छैन।

भद्रपुर-९का बासिन्दा विद्युतीय जोखिममा

रेवतीराज घिमिरे

हल्दिवारी, साउन ३१। झापाको भद्रपुर-९ निवासी स्थानीयहरुले विद्युत् प्राधिकरण भद्रपुर वितरण शाखाले बस्ती बसेको घरधुरीको आधारमा पोल वितरण नगरिदिँदा आफूहरु विद्युतीय जोखिममा रहेको बताएका छन्।

उनीहरुले मुख्य राजमार्गका पोलहरुबाट तार तानेर १, २ किलो मिटर टाढासम्मको बस्तीसम्म बाँसमा तार टाँगेर बेरेर लैजानु पर्दा हावाहुरी र चट्याङ्ग परेको बेला तार चुँडिने र विद्युत् सर्ट भइ आगलागी समेत हुनसक्ने सम्भावित दुर्घटनाले आफूहरु अत्यन्तै जोखिममा रहेको बताएका हुन्।

प्राधिकरणले बस्ती नभएको ठाउँमा पहुंचका भरमा तत्काल पोल पुर्‍याइदिने र बर्षौंदेखि बस्ती भएको ठाउँमा भने जति नै आवाज उठाए पनि पोल दिन कञ्जुस्याइँ गर्दा जोखिम दिनदिनै बढेर गएको उनीहरु बताउँछन्।

पुरानो मक्काएको काठको पोल भद्रपुर नगरपालिकाभित्र हटाई सकियो भनेर भन्ने तर नहटाउने र बस्ती भएको ठाउँमा समेत प्राधिकराणले पोल विस्तार नगरिदिँदा आफूहरुलाई रातमा निद्रा न दिनमा भोक भएको स्थानीयहरुको भनाइ छ।

जोखिमयुक्त अबस्थामा केही समयका लागि मात्र भनेर ल्याइएको तारबाट हावाहुरी बतास आउँदा तार सर्ट भइ आफूहरुको घरपरिवारमा हुने क्षतिको डरले जहिले पनि त्रासमा बस्नु परेको स्थानीयहरुको गुनासो छ।

आफ्नो पोलको अभावमा टिनको छाना गरेको घरमा बर्षौंदेखि विद्युतीय तार झुण्डिएको र तारको व्यवस्थापन गर्न आफूले पटक-पटक प्राधिकरणमा निवेदन दिए पनि प्राधिकरणले नसुनेको केदारेश्वर टोल विकास संस्था अन्तर्गत डाँफे मिलन चौक निवासी घर धनी तीलकप्रसाद बुढाथोकीले बताए।

उनले तत्काल झुण्डिएका छरपष्ट तारहरुको व्यवस्थापन गर्दै पोलको विस्तार गर्न माग गरे। हावाहुरी आएर तार सर्ट भई घर जल्ने अबस्था सिर्जना भएमा त्यसको जिम्मेवार प्राधिकरणले लिनुपर्ने उनको भनाइ छ।

आफूहरुले प्राधिकरणमा पोल विस्तारको लागि निवेदन दिएको र प्राधिकरणले निवेदन दिए पश्चात अनुगमन गरे पनि महिनौं वितिसक्दा पनि विस्तारको कार्यमा सुनुवाइ नगर्दा उक्त अनुगमनको समेत कुनै अर्थ नभएको टोलवासीहरुको भनाइ छ।

पोलको अभावका कारण हाइवेदेखि बाँसमा तार बेरेर घर बस्ती भएको ठाउँमा लगी विद्युत् प्रयोग गर्दा २, २ महिनामा बाँस फेर्नु पर्ने, खेतवारीमा तार झुण्डिएर खेती गर्न समेत समस्या हुने गरेको सिंग्रिभिट्टा निवासी नारायण शंकरले बताए।

उनले यस्तो अबस्थामा तारको व्यवस्थापन नहुँदा आफूहरु हावाहुरी बतास आउँदा जुनसुकै बेला पनि विद्युतीय जोखिममा रहेको उनको भनाइ छ।

यस्तो जोखिमपूर्ण तरिकाले प्रयोग गरिएको बत्तीको बिल समेत पुरै तिर्नुपर्ने बाध्यता रहेको र सबै कुराहरुमा प्राधिकरणले आफूहरुलाई अन्याय गरेको उनको भनाइ छ।

उक्त क्षेत्रका आम उपभोक्ताहरुले आफूहरुले दिएको निवेदनका आधारमा तत्काल पोल विस्तार गरी जोखिम हटाइ आफूहरुको माग सुनुवाई गर्नुपर्ने समेत बताएका छन्।

उनीहरुले सरकारले अतिविपन्न परिवारलाई मिटरबक्स दिने निर्णय गरे बमोजिम पैसा जम्मा गरे पनि अहिलेसम्म मिटर नपाएको गुनासो गरे।

स्थानीयहरुको उक्त मागहरु पूरा गर्न वार्ड कार्यालयबाट सिफारिस गरी पठाई सकिएकोले प्राधिकरणले माग सुनुवाई गरी तत्काल समस्याको समाधान गरिदिनुपर्ने वडा ननं. ९ का जनप्रतिनिधि नुतन पौडेलले बताए। बस्ती नभएको ठाउँमा पोल विस्तार गर्नुको सट्टा बस्ती भएको ठाउँमा पोल विस्तार गरी समस्याको समाधान गर्नुपर्ने आम स्थानीय उपभोक्ताहरुको भनाइ छ।

यता प्राधिकरण प्रमुख सञ्जीव साहले भने निरन्तरताको लकडाउनका कारण समयमा काम हुन नसकेको स्वीकार्दै लकडाउन खुले संगै सबै कार्यहरु निरन्तर गरिँदै लगिने बताए।

कोभिड खोप भनेर ८००० जनालाई नुनपानी !

झापा, साउन ३१। जर्मनीको एक खोप केन्द्रमा स्वास्थ्यकर्मीले कोभिड-१९ विरुद्धको खोपको साटो स्लाइन पानी दिएको शङ्कापछि त्यहाँका अधिकारीहरूले ८,००० भन्दा बढी मानिसलाई खोप दोहोऱ्याउन आग्रह गरेका छन्।

नर्थ सी नजिकै फ्रिसल्यान्डस्थित खोप केन्द्रमा भएको उक्त घटनाबारे प्रहरीले थप अनुसन्धान गरिरहेको छ। घटनाबारे सार्वजनिक हुँदा गत मार्च र अप्रिलमा खोप लगाएका छ जनालाई मात्र नुन पानी दिइएको विश्वास गरिएको थियो। गतअप्रिलमा आरोपित स्वास्थ्यकर्मीले आफूले खोपको बोतल फुटाएपछि छ जनालाई स्लाइन दिएको स्वीकार गरेकी थिइन्।

तर, प्रहरी अनुसन्धानले उनले फाइजरको खोप लगाउने धेरै मानिसलाई नुनपानी खोप लगाएको पुष्टि भयो। प्रभावितहरूमध्ये धेरै ७० वर्षभन्दामाथि उमेरका जोखिम समूहका मानिसहरू भएको बताइएको छ। प्रहरीले उक्त घटना राजनीतिक स्वार्थबाट प्रेरित हुनसक्ने सम्भावना नकारेको छैन। ती स्वास्थ्यकर्मीका वकिलले त्यस आरोपलाई अस्वीकार गरेका छन्।

यस घटनामा प्रत्यक्षदर्शीसँग बयान लिने क्रम जारी छ। हालसम्म यस घटनाविरुद्ध कुनै पनि मुद्दा दर्ता गरिएको छैन। क्षेत्रीय प्रसारक एनडीआरका अनुसार ८,५५७ मानिसहरूलाई पुनः खोप लगाउनका लागि निर्देशन दिइएको छ। जसमध्ये ३,६०० जनाले मात्र खोप दोहोऱ्याउनका लागि समय लिएका छन्। जर्मनी खोपविरुद्ध थुप्रै प्रदर्शनहरू भएको देश हो।

प्रहरी निरीक्षक पिटर बेरले एक पत्रिकालाई ती ४० वर्षीया स्वास्थ्यकर्मीले सामाजिक सञ्जालमा 'कोरोनाबारे नकारात्मक जानकारी' लेखेकी र सरकारले भाइरसको सङ्क्रमण रोक्न लगाएको प्रतिबन्धको पनि आलोचना गरेकी बताएका छन्। बीबीसी

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)
पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

कुखुराको ...

हुँदा उनले देशका विभिन्न जिल्लामा रहेका जेपी हाइस्कुल, भुटनदेवी हाइस्कुल, ठाकुरराम क्याम्पस, त्रिचन्द्र कलेज, शङ्करदेव क्याम्पस लगायतमा अध्ययन गरेका हुन्।

अठार वर्ष नेपाल बैंकमा सेवा गरेपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले अर्याललाई वि.सं २०५०मा माध्यमिक शिक्षा विकास परियोजनाको निर्देशकमा नियुक्त गरेसँगै उनी राजनीतिक नियुक्तितर्फ लागेका थिए। लम्जुङका नेपाली कांग्रेसका नेता श्रीकान्त अधिकारी र उदयनाथ अधिकारी लगायतको नाता सम्बन्धका कारण राजनीतिमा प्रवेश गरेका उनले निर्देशक पदबाट हटेसँगै आफ्नै व्यवसाय शुरु गरेका हुन्।

उनकी बहिनी डिना उपाध्याय अहिले पनि कांग्रेसको केन्द्रीय नेता छिन्। वि.सं. २०५२मा चितवन झरेर उनले कुखुरापालन व्यवसाय शुरु गरेका हुन्। उनकी श्रीमती सुमा अर्यालले जनकपुर चुरोट कारखानाको अधिकृतको जागिर छोडेर यो पेशा अंगालेकी छन्।

अध्ययनका कारण उनीहरुले सामान्य नभएर अत्याधुनिक प्रविधिमा जानुपर्छ भन्ने सोचका साथ व्यवसाय शुरु गरेका थिए। सो ठाउँमा दुई बिगाह १० कट्ठा जग्गा खरिद गरेर उनले अटोमेटिक केजमार्फत व्यवसाय शुरु गरेका हुन्। उनले भने - नेपालमा हामीले पहिलोपटक आटोमेटिक केज भित्र्याएका हौं। उनीहरुको क्लोज हाउसमा कटनले बारिएको छ भने पूर्णरुपमा क्लोजहाउस विकास गरिने जनाइएको छ।

उनले शुरुमा ६० हजार कुखुरापालनबाट पेशा थालेका थिए। केजमा उत्पादन भएको अण्डा ठूलो र आकर्षक हुने हुँदा अण्डाको माग राम्रो छ। भविष्यमा यस पेशालाई आधुनिक बनाउने उनको योजना छ। सत्तरी वर्षका उमेरमा पनि युवाहरुसँग व्यावसायिक प्रतिस्पर्धा गर्न सफल उनी पोल्ट्री क्षेत्रमा नेपालमा चिनिएका व्यक्ति हुन्। उनी भन्छन्- खेर जाने सुलीलाई उपयोग गर्न सक्यौं भने कसैका खोरमा विद्युत् किन्नु पर्दैन। यसो त बायोग्यास बनाउनुपूर्व गन्धका कारण स्थानीयले समय-समयमा बिरोध गर्दै आएकामा अहिले खोरभित्र मात्रै होइन, बायोग्यासपछि निस्किएको मलमा गन्ध आउँदैन। यो मलमा नाइट्रोजन प्रशस्त हुने हुँदा उर्वर मानिन्छ। यद्यपि उनले खोर वरिपरि अग्लो बार र हरियाली बनाएका छन्। उनको फार्म पुग्दा जोकोहीलाई तारे होटल पुगे जस्तो भान हुन्छ।

प्रकाशलाई ...

पनि गुम्ने अवस्थामा छ। जग्गा जमिनभन्दा जीवन महत्वपूर्ण हो। प्रकाशलाई समुदायले बचाउन सके उनको सिंगो परिवार बाँच्ने थियो। बुवा, आमा, श्रीमती र दुई सन्तानको आशा र भरोसाका केन्द्र प्रकाशको जीवन बचाउन आर्थिक सहयोग गरिदिन समितिले र प्रकाशको अवस्थालाई नजिकबाट देख्ने बुझनेहरुले सामाजिक सञ्जालबाट पनि अपील गरेका छन्। प्रकाशलाई सहयोग गर्न चाहने महानुभाव हरुले एनआईसी बैंकमा प्रकाश शर्माको नाममा रहेको खाता नम्बर L187001034352401 मा सहयोग पठाउन सकिने बताइएको छ। उक्त खाता प्रकाश बचाऊ अभियान समितिले व्यवस्थापन गर्दै आएको छ।

पुल ...

पुल बनाउने योजना अघि सारे। संघीय सरकारले पुलको ठेक्का समेत लगाइसकेको छ।

पुलको ठेक्का लागेपछि २०७७ साल फागुनमा प्रतिनिधिसभा सदस्य लिङ्गदेन, स्थानीय जनप्रतिनिधि, कर्मचारी, निर्माण कम्पनीसहितको टोलीले पुल बनाउने ठाउँको पहिचान गरेर गएको थियो। सिटौलाले शिलान्यास गरेको ठाउँ भन्दा अलि पर सोरेर पुल बनाउने पोन्इटको पहिचान गरिएको वडाध्यक्ष यादवले बताए। 'पुलको ठेक्का लागिसकेको छ, कोरोनाको कारण केही ढिलाइ भएको हो, पुल बनेपछि गाउँवासीको समस्या समाधान हुन्छ'- उनले भने।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, स्थानीय पूर्वाधार विभागको स्थानीय पुल शाखाले सो खोलामा झोलुङ्गे पुलको ठेक्का लगाइसकेको शाखाका इञ्जिनियर दिनबिनोद खड्काले बताए। सो पुलको ठेक्का बिएलटी निर्माण कम्पनीले लिएको हो। दुई वर्षभित्र पुल बनाउने सम्झौता गरेको निर्माण कम्पनीले बर्खा सकिएपछि काम शुरु गर्ने इञ्जिनियर खडकाको भनाइ छ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

खोप कार्यक्रम तीव्र बनाऊ

सर्वोच्च अदालतले अशक्त तथा ज्येष्ठ नागरिकहरूलाई खोपको सुनिश्चितता गर्न सरकारलाई आदेश दिएको छ । यसअघि पनि सरकारले मापदण्ड बनाएरै खोप कार्यक्रम गर्न सम्बद्ध निकायलाई निर्देशन दिएको थियो । तर, स्थानीय सरकारको नियन्त्रणमा रहेका खोप केन्द्रहरूमा जनप्रतिनिधिहरूको दवाव र रूचीमा मापदण्ड विपरीत खोप लगाइएको भन्दै व्यापक आलोचना भएको थियो । सरकारको नीति र निर्देशन विपरीत वडा तथा पालिका सरकारको अनुत्तरदायी भूमिकाका कारण विश्वमा स्थापित मापदण्डको अवज्ञा गर्दै नजिकका र स्वार्थप्रेरीत व्यक्ति र वर्गलाई खोप दिएर सङ्कट झनै बढाएको थियो । युवा तथा पहुँच भएकाहरूले नीति र मापदण्ड मिचेर खोप लगाउँदा पनि नियमन गर्ने नहुँदा अव्यवस्था बढेर गएको थियो ।

यस्तै अव्यवस्थाका बीच आएको सरकारले नागरिकको स्वास्थ्य सुरक्षाको संविधान प्रदत्त अधिकार सुनिश्चित गर्नु पहिलो कर्तव्य भन्दै खोपलाई पहिलो प्राथमिकता दिने घोषणा गऱ्यो । आउँदो चैत महिनासम्ममा सबैलाई खोप दिइसक्ने प्रतिवद्धता जनाएको सरकारको अहिलेसम्मको भूमिकामा विश्वास गर्ने आधार तयार भएको छैन । यसैबीच अधिवक्ता प्रवेश केसीले खोप केन्द्रसम्म जान नसक्ने ज्येष्ठ तथा अशक्त नागरिकलाई घरमै खोप दिन माग गर्दै दिएको रिटमा सर्वोच्चले उनकै पक्षमा फैसला गरेर संवेदनशीलता देखाएको छ । संविधानले नै ज्येष्ठ नागरिकलाई राज्यबाट विशेष संरक्षण तथा सामाजिक सुरक्षाको हकको प्रत्याभूत गरेको छ । त्यसकै आधारमा सर्वोच्चले अधिवक्ता केसीको रिटको सुनवाई गर्दै ज्येष्ठ नागरिक, फरक क्षमता भएका, दृष्टिविहीन तथा हिँडडुल गर्न नसक्नेहरूलाई उनीहरूको घरमै गएर खोप लगाउन आदेश दिएको हो । यसले नागरिकको स्वास्थ्य सेवामा पहुँचको अधिकारलाई स्थापित गर्न वल पुऱ्याएको छ ।

भूगोलको जटीलताका कारण पनि खोप कार्यक्रम त्यति सहज र सबैको पहुँचमा छैन । अझ कोभिडविरूद्धको खोप सुरक्षित गर्न आवश्यक तापक्रमको व्यवस्थापन खोपको गुणस्तरका लागि त्यति नै जरूरी छ । यस्ता प्राविधिक विषयको निरुपण सम्बद्ध क्षेत्रले गर्ला तर, खोप केन्द्र विस्तार गर्दै निर्धारित मापदण्ड अनुसार खोप कार्यक्रमलाई तीव्रता दिन फैसलाले सरकारलाई दवाब भने दिएको छ । एकातिर सङ्कमणको उच्च जोखिममा रहेका स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, एम्बुलेन्स चालक लगायतले नै खोप पाएका छैनन् । अर्कातिर लाइनमा बस्न नसक्ने ज्येष्ठ नागरिक लगायतका अशक्त समूह खोपको पहुँचबाट टाढै छन् । कोभिड सङ्कमण अझै अनियन्त्रित रहेका बेला तेस्रो लहरको त्रास बढेको छ। सुरक्षाका मापदण्डको पालना हुन छाडेको छ, निषेधाज्ञा कागजमै सीमित छ । मृत्युदर कम भएको छैन । यस्तोमा खोपलाई व्यापक बनाएर नागरिकलाई जोगाउनु राज्यको मूल दायित्व हो । त्यसैले खोपको सुनिश्चिततामै सरकारको मुख्य ध्यान केन्द्रित हुनुपर्छ ।

माओवादीहरुले गौरीशंकर खड्काबाट के सिक्न सक्छन् ?

तीर्थराज खरेल

हरेक जनआन्दोलन, जनसंघर्ष र जनयुद्धको पृष्ठभूमिमा धेरै असल अभियन्ता कार्यकर्ता र शुभेच्छुकहरुको रगत, पसिना र बलिदानको धेरै ठूलो महत्व रहेको हुन्छ। माओवादीको जनयुद्धमा पनि धेरै नेपाली आमाका अब्बल सन्ततिहरुको योगदान रहेको छ। यो कुरा पनि निकै पुरानो हुन थालेको छ। २०६४ साल चैत्र २८ गते सम्पन्न पहिलो संविधानसभाको चुनावमा प्रत्यक्षतर्फ बहुमत र समानुपातिक समेतबाट गरी कुल योगमा मुलुककै सबभन्दा ठूलो दल बनेको तत्कालीन नेकपा माओवादी जनताको नजरमा लोकप्रिय, जनपक्षीय, बचनमा पक्का र सुस्पष्ट मार्गचित्रसहितको राजनीतिक शक्ति थियो। वास्तवमा माओवादी एउटा दल मात्र नभएर जनजनको मनमनमा विकसित एउटा संस्कृति थियो।

माओवादी आन्दोलनको विस्तारित यो आयामको जगमा कमरेड गौरीशंकर खडका (राजेन्द्र) जस्ता सयौं असल नेता र कार्यकर्ताको योगदान थियो। लाखौं कार्यकर्ता र समर्थकको रगत र पसीनाको बलमा, हजारौंको शहादतको जगमा, हजारौं घाइतेको समर्पणमा माओवादीको उदय भएको थियो। नेपाली समाजको बेथिति, विकृति र विसंगति देखेर त्यसको विरुद्धमा र जनताको पक्षमा उभिने संकल्पकासाथ संघर्ष र लडाइँको बाटो रोजेका गौरीशंकर खड्का एक क्रान्तिकारी थिए। उनी समाजवादी राज्यव्यवस्थाका पक्षधर सामाजिक कार्यकर्ता थिए। उनी न्याय र समानताको पक्षमा दृढतापूर्वक उभिने एक संघर्षशील योद्धा थिए।

कमरेड राजेन्द्र झापामा मात्र होइन, नेपालको पूर्वी पहाडी क्षेत्रका क्रान्तिकारी कम्युनिष्ट आन्दोलनका मार्गदर्शक थिए, अभियन्ता थिए र उनी थिए जनताको पक्षमा दृढताका साथ उभिने सरल, मृदुभाषी, बौद्धिक नेतृत्व। उनी माओवादीभित्रका इमान्दार र दृढनिश्चयी नेता थिए। उनी प्रतिक्रान्तिकारी रवैयाका कट्टर विरोधी थिए। उनी युगौंदेखि जर्जर अवस्थामा रहेका सम्पूर्ण उत्पीडित वर्गप्रति अपार श्रद्धा राख्थे। उनमा संशोधनवादी कार्यदिशाको नाङ्गो रूपप्रति अत्यन्तै घृणा थियो। माओवादी जनयुद्धको मुख्य आधारको रुपमा रहेको जनमुक्ति सेनाको विकास र विस्तारमा उनको ठूलो योगदान थियो। उनले आफूलाई सम्पूर्णरूपमा जनताको मुक्तिका लागि रूपान्तरण गरेका थिए। पूर्वी पहाडमा माओवादी आन्दोलनको जग उनैले हालेका थिए। उनको विशेषता बारेमा उनका हितैषीहरु सटिकरुपमा यसो भन्छन्- उनी तटस्थ र उदासीन दर्शक जस्तो कहिल्यै बनेनन्।

जब उनले राजनीतिकर्मी बनेर अन्यायको विरोध गर्ने निर्णय गरे, तबदेखि उनलाई दुःखले श्रृङ्खलाबद्ध रुपमा पछ्याइरह्यो। उनी भन्थे- 'सामाजिक र सचेत प्राणीको रुपमा मानिस सधैं समाजमा घटेका घटनासँग प्रत्यक्ष वा परोक्ष रुपमा जोडिएको हुन्छ।' राज्यलाई हरेक नागरिकले कर तिरिरहेको हुन्छ र राज्यका हरेक गतिविधिका बारेमा टिप्पणी गर्ने र त्यसमा समर्थक वा विरोधीका रुपमा सरिक हुने उसमा अधिकार हुन्छ।

क. गौरीशंकर माओवादीका पूर्वी क्षेत्रका एक सुयोग्य, दक्ष, क्षमतावान, कर्तव्यनिष्ठ र कुशल नेता थिए। उनी हार्दिकता र सरलताका धनी थिए। उनी युगबोध भएका सफल र असल नेता थिए। उनीप्रति सदैव प्रशासनको बक्रदृष्टि थियो। उनमा अति नै मानवीय संवेदना थियो र यसैका कारण उनी उत्पीडित र शोषितको सेवाका लागि तयार हुन्थे। संघर्ष र लडाइँको आगोबाट गुज्रे उनी। उच्च बलिदानका कीर्तिमानहरु खडा गर्दै माओवादीले तीव्र विकास गर्न गौरीशंकर जस्ता समर्पित कार्यकर्ताका कारण सम्भव भएको थियो। उनले जहाँ-जहाँ न्यायका लागि संघर्ष गरे, त्यहाँका स्थानीय जालीफटाहाले उनलाई दुःख दिए। तर, सुन घोटिएर चम्के झैं उनको प्रतिभा

चम्किँदै गयो र उनको लोकप्रियता पनि बढ्दै गयो। उनले लोकप्रियताको आकाश चुमे, प्रसिद्धिको सगरमाथा टेके। उनको क्षमता बुझेकै कारण पार्टी केन्द्रले पनि उनलाई विशेष जिम्मेवारी दिएको थियो।

गौरीशंकरको समानतावादी तथा समतावादी आचरण र व्यवहार आजका क्रान्तिकारी हौं भन्नेहरुले प्रदर्शन गरेनन् भने समानता र समताको पक्षधर भएको ओंठे भक्तिको कुनै अर्थ शेष रहने छैन। उनले सदैव वर्गीय उत्पीडन विरोधी मानवतावादी चिन्तनको पक्षपोषण गरे। त्यो अजम्मरी सपना उनका युगीन चेत बोकेका राजनीतिक प्रशिक्षणमा र उनका कार्यशैलीमा अभिव्यक्त भएका थिए। अहिले उनी हामीसामु छैनन्। राजनीतिक योद्धाको रुपमा उनी एक अमर र प्रेरक कथा बनेका छन् अग्रगामी सोच राख्नेका लागि। समाज र राज्यका बेथितिका विरुद्ध वैकल्पिक कित्ताबाट आवाज उठाउन त्यति सजिलो हुँदैन। उनी क्रान्तिप्रतिको नैष्ठिक अध्येता थिए। उनको बौद्धिकता, अध्ययनशीलता, सरलता र गरीब तथा निमुखा जनताप्रतिको पक्षधरताका कारण नै उनी प्रसिद्धिको यो उचाइमा पुग्न सकेका थिए। उनको व्यक्तित्व यति निख्खर थियो कि आम झापाली जनताले उनको वर्गपक्षधरता, क्षमता, कामप्रतिको लगाव, तथ्यपरकता, गतिशिलताको प्रशंसा गरेका थिए र गरिरहनेछन्।

गरीब, दुःखी मेहनतकश जनताको पक्षमा किन उनले वकालत गरे भन्ने प्रश्नमा उनले भनेका थिए- 'हुन त म खानलाउनलाई दुःख नभएको परिवारबाट आएको हुँ। तर, समाजमा व्याप्त असमानता, शोषण र विभेदले पीडामा बाँचिरहेका दुःखीको लागि केही गर्न सक्नुपर्छ भनेर म राजनीतमा लागेको हुँ।' राम्रा र चिल्ला कारमा हुँइकिने धनीहरुको शानशौकत र वेरोजगार हुने र काम पाउँदा पनि भोकले मर्नुपर्ने निर्दयी दरिद्रहरु बीचको असमानतालाई ठीक भन्न नसकिएको कारणले आफू कम्युनिष्ट पार्टीमा लागेको उनको भनाइ थियो। उनले यो कुरा कुनै किताब वा धर्मशास्त्र पढेर बुझेको होइन, किसान, मजदुर र उत्पीडितले रगतपसिना बगाएर कमाएको सम्पत्ति किन धनी मानिस जो काम गर्दैन उसकोमा जान्छ र काम गर्ने किन पीडामा मर्नु पर्छ भन्ने प्रश्न उनको मनमा सधैं आइरहेको उनी बताउँथे।

अहिले तत्कालीन नेकपा माओवादीको विरासत दावा गर्ने हालको नेकपा माओवादी केन्द्र के आज कमरेड राजेन्द्रको आदर्शको गोरेटोमा छन् ? उनको जस्तो सरलता, विनम्रता, जनतासँगको घुलनशीलता आज एकादेशको कथा झैं भएको छ माओवादीको लागि। कमरेड जनयुद्धका रचनाकार थिए, संवाहक थिए र क्रान्तिका प्रत्यक्षदर्शी थिए। त्यसैले त मेहनतकश जनता उनलाई श्रद्धाका साथ आज पनि स्मरण गर्छन्। झापाको वामपन्थी आन्दोलनमा धेरै नेता र कार्यकर्ता जन्मे, सांसद, मन्त्री र प्रधानमन्त्री समेत भए, तर आम झापाली जनताका हृदयमा द्रोणाचार्य क्षेत्री छन्, डी. कौडिन्य र गौरीशंकर खडका छन्। जनताको ढुकढुकीमा बस्नका लागि जनपक्षधरता र घुलनशीलता पनि आवश्यक पर्छ। जनताको घरदैलोमा पुगेर, उनीहरुसँगै बसेर एकछाक खाना खान सक्नुपर्छ। देखावटी जनपक्षधरताको कुनै अर्थ हुन्न।

अदम्य साहस, प्रष्ट विचार, क्रान्तिप्रतिको समर्पण र असीमित ऊर्जा भएका गौरीशंकर जनताका आँखाका नानी थिए। युद्ध मानवताविरोधी र क्रुर हुन्छ। तर, उनी कोमल हृदय भएको, सरल मानिस भएर पनि किन युद्धमा होमिए ? उनले भनेका थिए- 'मलाई थाहा छ युद्ध के हो ? सामन्ती र पुँजीवादीहरुले चलाएको युद्ध आफ्नो वर्गस्वार्थ रक्षाका लागि हुन्छ। तर, यो युद्ध त जनताका हितका लागि गरिएको युद्ध हो। यो न्यायपूर्ण युद्ध हो। सर्वहाराका सामु अन्य विकल्प नभएपछि खुनी सत्ताको विरुद्धमा हतियार उठाएको हो।' युद्धपछि मानिसहरु कम सहनशील हुनेछन्, कम मित्रवत् हुनेछन्। तर, क्रान्तिकारीहरु उत्पादन सम्बन्धमा फेरबदल आएपछि सामाजिक, राजनीतिक रुपान्तरणलाई संस्थागत गर्न लाग्छन्। त्यसको ठीक उल्टो युद्धपिपासुहरु सामान्य मानिसको रगत नसिद्धिञ्जेलसम्म शोषण, दमन र जालझेललाई जारी राख्नेछन् भनेर उनले भनेका थिए। वास्तवमा जनयुद्धको आडमा भएको १९ दिने जनान्दोलनको जगमा प्राप्त जनमतलाई माओवादीले संस्थागत गर्न सकेन र जनअपेक्षामाथि तुषारापात हुन पुग्यो। अभिमान, अहम् र व्यक्तिगत स्वार्थले वशिभूत पारेपछि सगरमाथा जस्तै प्रतिष्ठा गिर्न कति बेर लाग्ने रहेछ र!

अन्तर्राष्ट्रिय कम्युनिष्ट आन्दोलन लगायत विश्व इतिहासको गहिरो अध्ययन गरेका गौरीशंकर क्रान्तिका प्रतीकका रुपमा मानिन्छन्। परिवर्तनका पक्षधरका लागि उनी एक बिम्ब हुन्। बोनम्यारो क्यान्सरका कारण उनको निधन भएको थियो। उनले छोटो जीवन एक क्रान्तिकारी विचारकको रुपमा, नेतृत्वको आसनमा बसेर काशन ठोक्ने नेता होइन मैदानमा खटिने एक योद्धाको रुपमा र परिवर्तनका पक्षधरका लागि एक नायकको रुपमा बिताए। गरिबी, शोषण, अन्याय र अत्याचार विरुद्धमा सामन्ती र पुँजीवादी शोषणमा आधारित राज्यसत्तालाई विस्थापित गरी जनताको राज्यसत्ता स्थापना गर्ने उनको लक्ष्यबाट हामी विमुख भएका त छैनौ, एक पटक सबैले आत्मालोचना गरी समीक्षा गर्न जरुरी छ। उनी कम्युनिष्ट विचारका नाममा आउने संशोधनवादी प्रवृत्ति र प्रतिक्रियावादी राज्यव्यवस्थाका विरुद्धमा संघर्ष गरेर मात्र जनताको राज्यसत्ता निर्माण गर्न सकिनेमा विश्वास गर्थे। झापाका सुपरिचित जनप्रतिनिधि समेत चुनिएका गौरीशंकर खडकाको सिद्धान्तनिष्ठता, सरलता, जनपक्षधरता र समस्त मानवजातिका लागि समानतापूर्ण समाज निर्माण गर्ने समर्पित भावनाले जनताका लागि राजनीति गर्ने सबैका लागि प्रेरणा दिइरहनेछ। कमरेड गौरीशंकर खडकाका अनुशरणीय गुणहरु बिरानो देशका अपरिचित मानिसका कहानी जस्ता नबनून्।

गठबन्धन सरकारको मुख्य साझेदार भएर सत्तारूढ दलको आसनमा बसे पनि माओवादीको सामुन्ने फेरि सबैभन्दा ठूलो दलको रुपमा स्थापित हुन सजिलो छैन। सुन्दा नमीठो लागे पनि र पढ्दा तीतो लागे पनि क. राजेन्द्रजस्ता इमान्दार, जनप्रिय कार्यकर्ता र नेताको आदर्शलाई भुलेकै कारणले माओवादीको आजको अवस्था आएको हो। नेपाली कांग्रेसको बैशाखी टेकेर माओवादीको आफ्नो वर्चश्व कायम हुने छैन। आफ्ना मार्गचित्रलाई असरल्ल बिस्कुन झैं छरेर जनसमर्थन प्राप्त गर्न माओवादीका लागि त्यति सहज हुने छैन। निष्कर्षमा भन्न सकिन्छ- आफ्ना विगतका कमी-कमजोरीलाई नसच्याउने हो भने माओवादीको ओरालो यात्रा रोकिने छैन।

tirthakharel2028@gmail.com

धरहरा–हवल्दार सडक जीर्ण

□ विनोद सापकोटा

शिवगञ्ज, साउन ३१। पश्चिम दक्षिण झापाका गाउँ जोड्ने दूधे महाभारा सडक अन्तर्गतको शिवगञ्ज धरहरादेखि हवल्दार चोकसम्मको सडक जीर्ण बन्दै गएको छ।

शिवसताक्षी नगरपालिकाको वडा नम्बर ६ मा पर्ने सो सडकको नियमित मर्मतसम्हार नहुँदा जीर्ण बन्दै गएको हो। पूर्व-पश्चिम राजमार्गको दूधेदेखि दक्षिणका महाभारा, पाँचगाछी, बैगुनधुरा, गौरादह, गौरीगञ्ज जस्ता ग्रामीण बस्ती सो सडकले जोड्ने गरेको छ।

यसअघि पनि धरहरा हवल्दार चोक क्षतविक्षत अवस्थामा पुगेको थियो। सडक विभागले उक्त सडकको मर्मतसम्हार गरे पनि बर्षेनि अलकत्र उप्किएपछि कामै नदिने हुन थालेको स्थानीय सीताराम भेटवालले बताए। उनका अनुसार सडक विभागपछि शिवसताक्षी नगरपालिकाले पनि खाल्डो परेका ठाउँमा गिटी हालेर रोलरले पेलेको थियो। तर, दिगो समाधान भने भएको थिएन।

तत्कालीन जिल्ला विकास समिति झापा मार्फत २०६९/०७० मा ट्रिपल आर नामक गैह्र सरकारी संस्थाको सहयोगमा सो सडक बनेको हो। सडक बनेपछि नियमित मर्मत र रेखदेख नहुँदा उक्त सडक बिग्रिएको छ। सडकका खाल्डोमा पानी जमेका कारण ठूला-ठूला खाल्डा समेत पर्न थालेका भेटवालले बताए।

चार वर्षदेखि पहिलो सरोकार राख्ने निकाय सडक विभाग बेखबर बन्दा उक्त सडक मर्मत नभएको वडा नम्बर ६ का वडा सदस्य लक्ष्मी गुरागाँईले बताए। उनले सडक जीर्ण हुँदा सवारी दुर्घटनाको जोखिम बढेको बताए। धराहरादेखि हवल्दार चोकसम्मको करिव एक हजार पाँच सय मिटर लामो दूरीको सो सडक पुरै जीर्ण छ।

सडकको अवस्था जीर्ण बन्दै गएपछि सडक दुर्घटनाको जोखिम पनि बढ्दै गएको सवारी चालक बताउँछन्। सो सडकमा जोखिमका साथ मोटर साइकल चलाइरहेका स्थानीय रेवत खनालले बाटोकै कारण साना सवारीसाधनलाई सास्ती भएको बताए। यही अवस्थामा सडक रह्यो भने जतिबेला नि ठूलो दुर्घटना हुन सक्ने उनको भनाइ छ।

सडक जीर्ण भएकैले वडा कार्यपालिका सदस्य गुरागाँईको नेतृत्वमा नगरमा आएको स्थानीय बासिन्दाको प्रतिनिधि मण्डलले नगर प्रमुख चन्द्रकुमार शेर्मालाई भेटेर ध्यानाकर्षण पत्र बुझाएका थिए। नगर प्रमुख शेर्माले सो सडकको अवस्थाका बारेमा तत्काल निरीक्षण समेत गरेका थिए।

'जनताको गुनासो र समस्या आएपछि स्थलगत निरीक्षण गर्दा सडकको अवस्था दयनीय भइसकेको रहेछ'-नगर प्रमुख शेर्माले भने- 'तत्काल क्षतीग्रस्त सडकको बचेको कालोपत्रे भागसहित ग्रेडरले उप्काएर आवश्यक ठाउँमा निर्माण सामग्री लगाउने र रोलरले थिचेर सडकको स्तरोन्नति गर्न योजना शाखालाई जानकारी दिइसकिएको छ।'

भद्रपुरमा माओवादी केन्द्रको संगठन विस्तार

भद्रपुर, साउन ३१। झापाको सदरमुकाम भद्रपुरमा नेकपा माओवादी केन्द्रले सङ्गठन विस्तार र सुदृढीकरण अभियानलाई तीव्रता दिएको छ।

सोही अभियान अन्तर्गत माओवादी केन्द्र भद्रपुर नगर कमिटीले नगर क्षेत्रका १० वटै वडामा वडा भेला सम्पन्न गरेको छ। वडा भेलाले वडास्तरीय कमिटी समेत गठन गरेको केन्द्रका जिल्ला सचिवालय सदस्य नरेश सन्जेलले जानकारी दिए।

वडा नम्बर १ को अध्यक्षमा जीवन बास्तोला र सचिवमा नेत्रप्रसाद बराल, वडा नम्बर २ को अध्यक्षमा चूडामणि दाहाल (राजु) र सचिवमा थिरेन्द्र पौडेल, वडा नम्बर ३ को अध्यक्षमा बालानन्द बिक (कुमार) र सचिवमा मानबहादुर राई, वडा नम्बर ४ को अध्यक्षमा युक्त पाहिम लिम्बू र सचिवमा छविलाल गणेश, वडा नम्बर ५ को अध्यक्षमा डिल्ली रूचाल र सचिवमा सुशिलकुमार यादव रहेका छन्।

त्यस्तै वडा नम्बर ६ को अध्यक्षमा विष्णु राजवंशी र सचिवमा गोविन्द राजवंशी, वडा नम्बर ७ को अध्यक्षमा चूडामणि गौतम र सचिवमा विक्रम वाग्ले, वडा नम्बर ८ को अध्यक्षमा बाबुराम र सचिवमा अनिल लिम्बू, वडा नम्बर ९ को अध्यक्षमा नरबहादुर मगर र सचिवमा रबिन लिम्बू र वडा नम्बर १० को अध्यक्षमा भारतसिंह राजवंशी र सचिवमा नवीन घिमिरे रहेका छन्।

सो अभियानसहितको वडा भेलाहरूमा माओवादी केन्द्र प्रदेश १ का सदस्य डिल्ली घिमिरे (हिक्मत) प्रमुख आतिथ्यमा भएको थियो। भेलामा जिल्ला सदस्य मेदनी शिवाकोटी, नरपति लिम्बू, मिरा सन्जेल, खगेन्द्र पराजुली, क्षेत्रीय सदस्य पुकारचन्द्र राजवंशी, भद्रपुर नगर अध्यक्ष शिवकुमार राजभण्डारी लगायत स्थानीय नेताहरूको सहभागिता रहेको थियो।

केन्द्रीय पार्टीको स्थायी समितिको साउन १७ गतेको निर्णय र गत असार १८ गतेको निर्देशन पत्र अनुसार आगामी साउन ३० गतेको केन्द्रीय समितिको बैठक बस्नु अघि नै देशभरका जिल्ला, नगरसहित वडा समितिहरू गठन गरिसक्नुपर्ने निर्देशन जारी गरेको थियो।

४० वर्षपछि इन्द्रेणी तालले काँचुली फेर्दै

□ विष्णु पोखरेल

दमक, साउन ३१। झापाको नै पुरानो र डेढ दशकअघि एउटा राम्रो पर्यटकीय गन्तव्य मानिएको इन्द्रेणी ताललाई लामो समयपछि व्यवस्थित गर्ने र पार्कको रुपमा विकास गर्ने काम शुरु भएको छ ।

दमक-१० मा रहेको जरुवा पानीबाट बनेको इन्द्रेणी तालको केही बर्षयता अस्तित्व नै समाप्त हुने अवस्थामा पुगेपछि संघीय सरकारको सहयोगमा स्थानीय सरकारको पहलमा पुन: निर्माण तथा सौन्दर्यकरणको काम शुरु भएको हो ।

झापामा कही पनि डुंगा चढ्ने पर्यटकीय स्थल नभएको अवस्थामा यहाँ रहेको थियो । स्थानीय डिल्लीराम न्यौपानले भने- 'झापाका बिभिन्न ठाउँसहित यहाँ पूर्वका बिभिन्न जिल्लाका समूहहरु वनभोज खान समेत आउने गरेकोमा एक दशकयता भने तालको बेहालले गर्दा पर्यटकहरु आउनै छाडे ।'

स्थानीयहरुका अनुसार यसको ऐतिहासिक तथा पौराणिक कुनै महत्व नरहे पनि मानव निर्मित झापाको पुरानो ताल भएको बताइन्छ । स्थानीय भालु खोलालाई बाँध बाधेर ताल बनाइएको हो । एकातिर पर्यटकीय आकर्षण र अर्कातर्फ बाँध बाँधेर किसानहरुले सिँचाइमा यहाँ जमेको पानी उपभोग गर्दा त्यो समय तालको बिषयमा चर्चा रहेको थियो ।

२०४० सालमा बाँध बाँधेर यसलाई तालको रुपमा विकास शुरु गर्न थालिएको र २०५६ सालमा इन्द्रेणी ताल भनेर नामकरण गरिएको स्थानीय सामाजिक अगुवा देवीप्रसाद दाहालले बताए । त्यसपछि ताल संरक्षणका लागि विभिन्न प्रयास भए पनि आर्थिक अभावका कारणले गर्दा समस्या भएको समेत उनले बताए ।

एक किलोमिटर लामो तालको विस्तृत गुरुयोजना बनाएर काम शुरु गरिएको र पुरानो पर्यटकीय स्थललाई नमूना बनाउनका लागि आफूहरुले काम शुरु गरिसकेको वडा नं. १० का वडाध्यक्ष बोधराज न्यौपानेले बताए । 'एक बर्षभित्रमा पूर्वको एउटा आकर्षण यो ताल बनाउने गरिकनको काम हामीले शुरु गरेका छौं' -उनले भने ।

यो १० विगाह जमिनमा फैलिएको बताइएको छ । उनका अनुसार तालको दुई साइडमा नै चक्रपथको रुपमा सडक निर्माण, तालसम्म पुग्ने सडक कालोपत्रे, ताल वरिपरि हरियाली विकासका लागि बोटबिरुवा लगाउनेदेखि लिएर फुलबारी बनाउने कार्य, इन्द्रेणी तालको बीचमा आकर्षक आधुनिक डिजाइनको पुल बनाउने कार्य भइरहेको छ ।

अहिले करिब डेढ करोडको लागतमा इन्द्रेणी तालको सौन्दर्यकरणको काम भइरहेको वडाध्यक्ष न्यौपानेले जानकारी दिए । यसमा तालको वारपार गर्ने आकर्षक पुल, तालघुम्दा बालबालिका तथा पर्यटकहरुको सुरक्षाका लागि घेराबारा, ताल वरिपरिको सडक निर्माण लगायतको काम तीब्ररुपमा भइरहेको न्यौपानले बताए ।

फाल्गुनन्द मार्ग निर्माणमा ढिलासुस्ती

झापा, साउन ३१। दमकदेखि पाँचथरको रविसम्म जोड्ने फाल्गुनन्द मार्ग निर्माणको काम ठेकेदार कम्पनीले अलपत्र छाड्दा स्थानीयले सास्ती झेल्दै आएका छन् ।

ठाउँ-ठाउँमा सडक भत्किएर हिलाम्मे बन्दा सवारीसाधन गुड्ने अवस्था छैन । निर्माण शुरु भएको झन्डै तीन दशकसम्म पनि सडक निर्माणले पूर्णता पाएको छैन । दमकदेखि रविसम्मको ४४ किलोमिटर सडकमध्ये पहिलो चरणको छ दशमलव दुई किलोमिटर सडक कालोपत्रे गर्न काठमाडौंको महालक्ष्मी-किरातेश्वर जेभीले २० करोड रूपैयाँमा ठेक्का लिएको सडक डिभिजन कार्यालय दमकका सूचना अधिकारी अनुप साउदेनले जानकारी दिए ।

आर्थिक वर्ष २०७४/०७५ मा लागेको ठेक्का २०७७ पुस मसान्तमा सक्नुपर्ने हो । तर, अहिलेसम्म आधा काम पनि सकिएको छैन । सडकखण्ड अन्तर्गत रतुवा खोला क्षेत्रको १० किलोमिटर सडकमा गाडी नचल्ने अवस्थामा पुगेको छ । गाडी चल्न नसकेपछि पहाडबाट तराई झर्नेहरू लामो दूरी पैदल हिँडेर गन्तव्य पुग्न बाध्य छन् । सडकमा जबरजस्ती सवारीसाधन कुदाउने प्रयास गरिँदा दुर्घटनाहरू समेत भइरहेको स्थानीयले बताएका छन् ।

केही दिनअघि इलामको माडसेबुङ गाउँपालिका वडा नम्बर ४ का वडा सदस्य धनबहादुर राईको सोही सडकमा मोटरसाइकल दुर्घटना परी मृत्यु भएको थियो । ३६ वर्षीय राईको सडक अप्ठ्यारो भएकै कारण मोटरसाइकल रतुवा पुल नजिकै सेते भीरमा अन्दाजी १०० मिटर तल खस्दा मृत्यु भएको सोही वडाको छिमेकी चुलाचुली गाउँपालिका-५ का धनकुमार राईले बताए ।

तोकिएको समयावधि सकिएर पहिलो पटक छ महिना म्याद थप्दा हालसम्म ४५ प्रतिशत मात्र सडकको काम सकिएको सडक डिभिजन कार्यालय दमकका सूचना अधिकारी साउदेनले बताए । निर्माण कम्पनीले हालसम्म करिब ४०० मिटर कालोपत्रे गरेर छाडेको छ । केही महिनादेखि निर्माण ठप्प छ । पहिलो पटक थपिएको म्यादको समय भदौ ९ गतेसम्म छ । निर्माण कम्पनीले पुन: एक वर्ष म्याद थप्न डिभिजन कार्यालयमा निवेदन दिएको साउदेनले बताए ।

काम सक्नु भनेर निर्माण कम्पनीलाई पटक-पटक लिखित र मौखिक निर्देशन दिए पनि कामलाई तीब्रता नदिएको उनले बताए । उनले डिभिजन कार्यालयले निर्माण कम्पनीलाई कारवाही गर्ने तयारी गरे पनि कोरोना महामारीका कारण देखाउँदै माथिल्लो निकायले म्याद थप गरिदिँदा समस्या उत्पन्न भइरहेको बताए ।

यस बाहेक अन्य दुई चरणको सडक कालोपत्रे सडकको पनि ठेक्का लागिसकेको छ । आर्थिक वर्ष २०७६/०७७ मा दोस्रो खण्डको सडकको ठेक्का लुम्बिनी-गणपति जेभीले लिएको छ । १५ दशमलव २६ किलोमिटर सडक ५४ करोड ४४ लाख ८७ हजारमा ठेक्का सम्झौता भएको डिभिजन सडक कार्यालयले जनाएको छ । २०७६ फागुन २ गते ठेक्का सम्झौता भएको सडकखण्डको कालोपत्रे गर्ने कार्य ३६ महिनामा सम्पन्न गर्नुपर्ने उल्लेख छ । तर, हालसम्म सडकको काम ३० प्रतिशत मात्र सम्पन्न भएको सूचना अधिकारी साउदेनले बताए ।

तेस्रो खण्डको ठेक्का पनि लुम्बिनी-गणपति जेभीले नै लिएको छ । ११ दशमलव ३० किलोमिटर सडकको ठेक्का ५९ करोड १५ लाख ३५ हजारमा सम्झौता भएको छ । उक्त खण्ड पनि तीन वर्षमा निर्माण सम्पन्न गर्नुपर्ने उल्लेख छ । उक्त सडकको काम हालसम्म २० प्रतिशत मात्र सम्पन्न भएको छ ।

दोस्रो र तेस्रो चरणको ठेक्का एउटै निर्माण कम्पनीले लिएको बताउँदै साउदेनले दुवै ठेक्का म्याद झन्डै २० महिना रहेको बताउँदै सो अवधिमा निर्माण सक्नुपर्छ, त्यही अनुसार काम भइरहेको बताए । दोस्रो र तेस्रो चरणको सडकमा हालसम्म स्टक्चर, पक्की नाला, वाल बनाउने काम गरिँदैछ । अब छिट्टै ग्राभेलको काम शुरु हुने उनले बताए । २०४९ सालतिर अकर-चतुरे-दमक मोटर बाटो नामकरण गरेर स्थानीय श्रमदान मार्फत सडक निर्माणमा स्थानीय जुटेका थिए ।

त्यसपछि बजेट अभावले सो सडक बीचमै अलपत्र पऱ्यो । २०७४ सालमा सरकारले बजेट विनियोजन गर्दै सडक बनाउने योजना अघि सारेपछि स्थानीयबासी हर्षित भएका थिए । तर, ठेक्का लागिसकेको सडकको निर्माण कार्यले तीब्रता नपाउँदा अहिले स्थानीय फेरि निराश बनेका छन् ।

सूर्योदय क्वीजको उपाधि सीता-रमेश क्याम्पसलाई

बिर्तामोड, साउन ३१। सूर्योदय क्वीज सिजन ५ को उपाधि 'सीता-रमेश बहुमुखी क्याम्पस'बुद्धशान्ति झापाले जितेको छ ।

ग्रान्ड फिनालेमा 'सीता-रमेश बहुमुखी क्याम्पस'ले उपाधि जितेको हो । त्यस्तै प्रतियोगितामा जनता बहुमुखी क्याम्पस इटहरी दोश्रो, मोडल कलेज दमक तेश्रो र महेन्द्र मेमोरीयल एकाडेमी दुहवी, सुनसरी र पथरी बहुमुखी क्याम्पस, मोरङ्ग सान्त्वना भएका छन् ।

प्रतियोगिताको विजेताहरुले क्रमश: ५० हजार, २५ हजार, १५ हजार र १०-१० हजार रुपैयाँ प्राप्त गरेका छन् । विजेताहरुलाई ग्रान्ड फिनालेका प्रमुख अतिथि मेची बहुमुखी क्याम्पस भद्रपुरका प्रमुख जिवन पोखरेल र सूर्योदय टिभी एण्ड मिडिया प्रालिका अध्यक्ष मनोज उप्रेतीले पुरस्कार, प्रमाण पत्र र ट्रफी प्रदान गरे ।

गत फागुनदेखि शुरु भएको यस प्रतियोगितामा प्रदेश १ का झापा, मोरङ्ग, सुनसरी, इलाम, पाँचथर, ताप्लेजुङ्ग लगायतका जिल्लाबाट एक सय वटा कलेज सहभागी भएका थिए । कलेजमा प्लस टु तथा स्नातक तहमा अध्यनरत् विद्याथीहरुले सहभागिता जनाएका हुन् ।

प्रतियोगिताको जुरी निर्णायकको रुपमा सूर्योदय टेलिभिजनकी प्रवन्ध निर्देशक विष्णु मैनाली उप्रेती, कार्यक्रम उत्पादन प्रमुख दिपेन भेटवाल र कार्यक्रम प्रस्तोता प्रेमराज घिमिरे रहेका थिए । विद्यार्थीमा भएको बौद्धिक क्षमतालाई प्रस्फुटन गर्ने मुख्य उद्देश्यले यो प्रतियोगिताको आयोजना गरिएको कार्यक्रम संयोजक देवी गौतमले जानकारी दिए ।

सूर्योदय क्वीज सिजन ५ लाई ब्रोडलिङ्क नेटवर्कले मुख्य प्रायोजन तथा सिम्रीक साकोस बिर्तामोड, वाटर किङ्गडम पार्क एण्ड रिसोर्ट झिलभिले, किङ्सटन इन्स्टिच्युट अस्ट्रेलिया, मनकामना कलेज बिर्तामोडले प्रायोजन गरेको थियो ।

त्यस्तै एलाइन्स मोटर्स (हुन्डाई) बिर्तामोड, रोयल टेलर्स बिर्तामोड, नेशनल साउण्ड सर्भिस बिर्तामोड, ग्लोवल लिङ्क प्रिन्ट एण्ड एडर्भटाइजिङ्ग बिर्तामोड र न्यू सिटी पार्टी प्यालेस एण्ड कन्फ्रेन्स हलले पनि प्रतियोगितालाई सह-प्रायोजना गरेको थियो ।

सूर्योदय टेलिभिजनले सूर्योदय क्वीज, स्पिच कन्टेस्ट लगायतका कार्यक्रमहरु प्रतियोगताको रुपमा हरेक वर्ष आयोजना गर्दै आएको छ ।

कनकाई साप्ताहिक सातौं बर्षमा

सुरुङ्गा, साउन ३१। कनकाई नगरपालिका केन्द्रविन्दु बनाएर प्रकाशन हुँदै आइरहेको कनकाई साप्ताहिक तथा कनकाई अनलाईन सातौं बर्षमा प्रवेश गरेको छ ।

२०७२ सालबाट नियमित प्रकाशन हुँदै आइरहेको यस साप्ताहिक प्रेस काउन्सिलबाट 'ख' वर्गमा समेत वर्गीकृत हुँदै आएको साप्ताहिक पत्रिका हो । कनकाई अनलाईन न्यूज पोर्टल समेत नियमित प्रकाशन हुँदै आएको यस साप्ताहिक तथा अनलाइन कनकाई क्षेत्र कै पहिलो न्यूज पोर्टल तथा साप्ताहिक हो ।

कनकाई साप्ताहिक सातौं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा पत्रिकाका सम्पादक प्रकाशक लीलाराज झापालीले सम्पूर्ण पाठक, विज्ञापनदाता, लेखक, कर्मचारी तथा शुभेच्छुकमा धन्यावाद दिँदै आगामी दिनमा थप परिमार्जिक विषयवस्तु पस्कने प्रतिवद्धता जनाए । कारोना कहरका बीच पनि अनलाइन र पत्रिका समेत नियमित प्रकाशन गरी जनताको सूचना प्रतिको भोगलाई जगाइराख्न सफल भएको भन्दै यस्तै साथ र सहयोगको सबैसँग झापालीले अपेक्षा राखेका छन् ।

सटर भाडामा

बिर्तामोड नगरपालिका-३ घैलाडुब्बा रोड बिर्ताबजार चोकमा खाली सटर भाडामा छ । व्यापारिक प्रयोजनमा रहेको उक्त सटर भाडामा लिन चाहनेले तु-सम्पर्क गर्नुहोला ।

मो. ९८१४०२७४६१, ९८४२६५४६३८

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारी तु-आवश्यकता ।
कुक : २ जना
बेटर: २ जना (महिला)
सम्पर्क: ९८१४०१५१०४, ९८१६०५८४३८, ०२३-५४५४५७

कर्मचारी आवश्यकता

ग्रेट फ्युचर मार्ट कम्पनीलाई केही कर्मचारी आवश्यक परेकाले इच्छुक व्यक्तिले दरखास्त दिनुहोला ।
पद: पीआरओ
संख्या: ८ जना (महिला/पुरुष)
योग्यता: +२ वा सो सरह
तलब: १३,६०० सम्म
सम्पर्क: G.F.M. कार्यालय, बिर्तामोड-४, भद्रपुर स्टेण्ड (झापा)
9817930772/ 9814397340
नोट: सञ्चयकोष । यातायात । नास्ता । बोनसको व्यवस्था रहेको छ ।

अर्जुनधारा यातायात प्रा.लि.द्वारा सञ्चालित आरमदायी यात्रा

बिर्तामोडबाट रवि विहान ९ बजे गाडी नम्बर १७९९ अनुप, ९८४२६९८२४८, ५४६ उत्तम ९८४२६७२८२४, चन्द्र ५२६-९८६७९९३४९१ साथै समालटार, २:१५ बजे सानुबर्दु २:४५ बजे दैनिक सेवा उपलब्ध छ ।
अध्यक्ष: गोपाल घिमिरे (९८४२६८४७५६), बिर्तामोड काउन्टर सीताराम आचार्य (९८४२६२३१५२)

सुरक्षा गार्डको आवश्यकता

२५ वर्ष माथि ५० वर्षसम्म उमेर भएका पुरुष र २० वर्षदेखि ३० वर्ष उमेर भएका महिला सेक्युरिटी गार्डको आवश्यकता परेको हुँदा इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
भू.पू. आर्मी, प्रहरीलाई विशेष ग्राहयता ।
विराट गोर्खा सेक्युरिटी प्रा. लि.
सम्पर्क कार्यालय बिर्तामोड
सिटी सेन्टर पूर्व, देवी कलेज रोड
फोन : ९८४२६२५०२०, ९८०४७३१५६८, ९८०४५६७८७२

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - मनोरञ्जनपूर्ण दिन छ, प्रेमीरप्रेमिका वा पतिपत्नीका बीचमा सुमधुर सम्बन्ध कायम हुनेछ । घरायसी काममा समय र धन खर्च हुनेछ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - पारिवारिक जीवनमा रमाइलोपना आउने छ । पुराना साथीभाइसित अचानक भेटघाट हुने र आकस्मिक लाभ मिल्ने समय छ ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - सिद्धिको समय छ । सामूहिक नेतृत्व सम्हाल्ने मौका मिल्नेछ । व्यापारमा लाभ हुनेछ । समाजमा प्रतिभाको कदर हुनेछ ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - प्रशस्त फाइदा हुनेछ । काममा मातापिताको सहयोग प्राप्त होला । विशिष्ट व्यक्तिको विचारले प्रभावित तुल्याउन सक्छ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - प्रतिष्ठित काम गर्ने मौका छ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ । नयाँ कार्यमा सतर्क हुनुपर्ने हुन्छ ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - यस अवधिमा पछाडि कुरा काट्नेहरूले षड्यन्त्रको तानाबुना रच्ने प्रयास गर्नेछन् । चोटपटकको भय हुनेछ ।

तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) - झुठो फत्तुर पनि आइलाग्न सक्छ । बोलीको प्रतिकूल एवं विपरीत अर्थ लाग्ने हुँदा सचेतता एवं संयमता अपनाउनु अत्यावश्यक छ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - मिश्रित प्रभाव भएको साता हुनेछ । सामान्यतया रसरङ्गमा समय बित्नेछ । मनोरञ्जनमा रमाउन पाउनु हुनेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - आत्मविश्वास र शीघ्र निर्णय गर्ने क्षमता अभिवृद्धि हुनेछ । अभिभावक वर्गको सहयोगमा रोकिएका काम सम्पादन गर्न सघाउ पुग्नेछ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - घरमा परपाहुना र अतिथिको आगमन हुनसक्छ । नयाँ ठाउँमा धन लगानी गर्ने वातावरण बन्नेछ ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - चोटपटकको भय छ, अथवा हयीसम्बद्ध कुनै समस्या बल्झिने खतरा हुन्छ । यस अवधिमा आफन्त वा मित्रले काममा धोका दिने सम्भावना पनि देखिन्छ ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - बन्दव्यापार र साझेदारीबाट फाइदा हुनेछैन । आर्थिक समस्याले सङ्कट उत्पन्न हुनसक्छ । अध्ययन, अध्यापन खासै तत्परता देखिँदैन ।